सभाबाट स्वीकृत मितिः २०७४/३/२८

# लिसंखु पाखर गाँउपालिका
# स्थानीय तहको आर्थिक ऐन २०७४

लिसंखु पाखर गाँउपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** लिसंखु पाखर गाउँपालिकाको आर्थिक बर्ष २०७४/७५ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संबिधानको धारा २८८ को उपधारा (२) बमोजिम लिसंखु पाखर गाउँ सभाले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन २०७४" रहेको छ ।
(२) यो ऐन २०७४ साल साउन १ गते देखि लिसंखु पाखर गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२) सम्पति करः** गाउँपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम एकीकृत सम्पत्ती कर/घर जग्गा कर लगाईने र असूल उपर गरिनेछ ।

**३) भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४) घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५) व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६) जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७) सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८) विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९) मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०) बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११) पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२) ट्रेकिङ, कायाकिङ, क्यानोइङ, बन्जी जम्प, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायाकिङ, क्यानोइङ, बन्जी जम्प, जिपफ्लायर र ऱ्याफ्टिङ सेवा संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३) सेवा शुल्क दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोहि अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३) पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५) कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनैपनि किसिमको कर छुट दिईने छैन ।

**१६) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

# स्थानीय तहको आर्थिक ऐन, २०७४
## लिसंखु पाखर गाउँपालिका
### अनुसूची–१
### दफा २ संग सम्बन्धित
सम्पत्ती कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | सम्पत्ती कर (घर जग्गा) प्रति लाख | २० |

### अनुसूची–२
### दफा ३ संग सम्बन्धित
भुमि (मालपोत) कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | खेत प्रति रोपनी | १० |
| २ | अन्य प्रति रोपनी | ५ |
| ३ | न्यूनतम प्रति रसिद (१ रोपनी भन्दा कम भएमा) | २० |

### अनुसूची–३
### दफा ४ संग सम्बन्धित
बहाल कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | घर बहाल कर (बहाल तिरेको बेला) | २ प्रतिशत |

### अनुसूची–४
### दफा ५ संग सम्बन्धित
व्यवसाय कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | ईलेक्ट्रीकल तथा अन्य पसल | ३०० |
| २ | छापाखाना | ३०० |
| ३ | सञ्चार सम्बन्धि व्यवसाय | ५०० |
| ४ | व्यूटी पार्लर सैलुन | ३०० |
| ५ | फोटो स्टुडियो | ३०० |
| ६ | हार्डवयर पसल | ५०० |
| ७ | किचेन सामाग्री बिक्रेता (भाडाँकुडा) | ५०० |
| ८ | फर्निचर बिक्रेता | ५०० |

| | | |
|---|---|---|
| ९ | काष्ठ उद्योग | ५०० |
| १० | कुटानी, पिसानी , पेलानी मिल | ५०० |
| ११ | रेडिमेड कपडा पसल | ३०० |
| १२ | स्टेशनरी पसल (मसलन्द) | ३०० |
| १३ | जुत्ता चपल पसल | ३०० |
| १४ | किराना पसल | ३०० |
| १५ | माछा मासु पसल | ३०० |
| १६ | मोटरसाईकल वर्कसप | ३०० |
| १७ | पोल्ट्री फर्म | १००० |
| १८ | टेलरीङ्ग | ३०० |
| १९ | औषधि पसल | ५०० |
| २० | सिङ्गार/ चुरा पसल | ३०० |
| २१ | पेट्रोल पम्प | १००० |
| २२ | बैंक | १००० |
| २३ | अन्य व्यवसाय | ५०० |

## अनुसूचि–५

## दफा ६ संग सम्बन्धित

जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | जडिबुटी निकासी गर्दा प्रति के जी | ५ |
| २ | कवाडी कर प्रति ट्रक | २०० |

## अनुसूचि–६

## दफा ७ संग सम्बन्धित

सवारी साधन कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | मोटरसाइकल | ५० |
| २ | कार जिप | २०० |
| ३ | मिनी ट्रक, मिनी बस | ३०० |
| ४ | बस, ट्रक | ५०० |

## स्थानीय तहको आर्थिक ऐन, २०७४
## लिसंखु पाखर गाउँपालिका
### अनुसूचि–७
### दफा ८ संग सम्बन्धित
विज्ञापन कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | होडिङ्ग बोर्ड प्रति स्क्वायर फिट | ५० |

### अनुसूचि–८
### दफा ९ संग सम्बन्धित
मनोरन्जन कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | सर्कस आदि मनोरञ्जन प्रति दिन | ५०० |

### अनुसूचि–९
### दफा १० संग सम्बन्धित
बहाल बिटौरी शुल्क

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |

### अनुसूचि–१०
### दफा ११ संग सम्बन्धित
पार्किङ्ग शुल्क

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |

# स्थानीय तहको आर्थिक ऐन, २०७४

## लिसंखु पाखर गाउँपालिका

### अनुसूचि–११

### दफा १२ संग सम्बन्धित

टेकिङ, कायाकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र ज्याफ्टिङ शुल्क

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |

### अनुसूचि–१२

### दफा १३ संग सम्बन्धित

सेवा शुल्क, दस्तुर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट पिच सडकसंग जोडिएको | ३ |
| २ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट कच्ची सडकसंग जोडिएका | २ |
| ३ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट अन्य | १ |
| ४ | आर.सी.सी. बिनाको घर प्रति घर | १,००० |
| ५ | नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नको प्रतिलिपी दस्तुर रु.१,०००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ। | १,००० |
| ६ | नक्सा पास फारम | ५०० |
| ७ | विभिन्न प्रकारका सिफारिस दस्तुर | १०० |
| ८ | छुट जग्गा दर्ता शिफारिस गाउँपालिका क्षेत्रमा निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत | ५०० |
| ९ | जग्गा नामसारी सिफारिस | ५०० |
| १० | मोही दर्ता तथा मोही नामसारी सिफारिसः | ५०० |
| ११ | आय श्रोत प्रमाणित प्रतिलाख | १०० |
| १२ | सम्पती मुल्यांकन प्रति लाख | ६० |
| १३ | साना घरेलु उद्योग दर्ता | ५०० |
| १४ | मझौला उद्योग दर्ता | १००० |
| १५ | ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) दर्ता | २००० |
| १६ | अन्य निकायबाट दर्ता हुने उद्योग दर्ताको लागि सिफारिस | १००० |
| १७ | डिलर लिने सिफारिस | १००० |
| १८ | माथि नखुलेका उद्योग व्यवसायका सिफारिस | १००० |
| १९ | रकम कलम उठाइदिए वापत सयकडा ३% | ३% |
| २० | नागरिकता लिनका लागि सिफारिस | १०० |
| २१ | बाहिरी जिल्ला कर्मचारी परिवार नागरिकता/प्रतिलिपी लिनका लागि सिफारिस | १०० |
| २२ | नागरिकताको प्रतिलिपी लिन सिफारिस | १०० |
| २३ | अंगिकृत नागरिकता सिफारिस | १००० |
| २४ | रुख कटानकालागि सिफारिस प्रति रुख | १०० |

| | | |
|---|---|---|
| २५ | प्रतिलिपी प्रमाणित/प्रतिलिपि दस्तुर रु.१०/- प्रतिपाना | १० |
| २६ | चार किल्ला प्रमाणित | ५०० |
| २७ | घरबाटो प्रमाणित पिच सडक जोडिएको | १००० |
| २८ | घरबाटो प्रमाणित कच्ची सडक जोडिएको | ५०० |
| २९ | घरबाटो प्रमाणित अन्य | २०० |
| ३० | घर जग्गा कर रसिदको प्रतिलिपि | १०० |
| ३१ | घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा | ५०० |
| ३२ | DPC चेक जाच गर्न प्राविधिक फिल्ड जानु पर्दा | ५०० |
| ३३ | वादविवाद (मुद्धा) सम्बन्धि निवेदन दर्ता | ५०० |
| ३४ | नक्शापास गर्ने आवेदन पुस्तिका रु.५००/- प्रतिगोटा | ५०० |
| ३५ | नाता प्रमाणित | ५०० |
| ३६ | नाता सम्बन्ध | ५०० |
| ३७ | अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारीस | ५०० |
| ३८ | निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धी सम्बन्धि सिफारिस | ५००० |
| ३९ | संचार टावर स्वीकृती सिफारिस | ५००० |
| ४० | अन्य सिफारिस | १०० |
| ४१ | व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर रु.५०/- (कम्प्युटरबाट अंग्रेजी र नेपालीमा जारी गरिने प्रमाणपत्रको हकमा थप रु १००।- | १०० |
| ४२ | साना होटेल रेष्टुरा र गेष्टहाउस खाना सहित दर्ता सेवा शुल्क | ५०० |
| ४३ | साना जलपान गृह , खाजाघर दर्ता सेवा शुल्क | ५०० |
| ४४ | तरकारी तथा फलफुल पसल दर्ता सेवा शुल्क | ५०० |
| ४५ | अस्पताल नर्सिडहोम दर्ता सेवा शुल्क | २००० |
| ४६ | गैर सरकारी संस्था दर्ता सेवा शुल्क | ५०० |

**अनुसूचि–१३**

**दफा १४ संग सम्बन्धित**

पर्यटन शुल्क

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |